"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८१/८२
च.नं.:

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल ।
मितिः २०८२।०२।०४
ने.सं.: ११४५ वछलागा ६ आइतबार

## चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटकः प्रकाशन मिति २०८२/०२/०४

यस नगरपालिकाको कार्यालयबाट सम्पादनहुने कामको सिलसिलामा सेवा प्रदायक एवम् सेवा ग्राहीहरुको लागि तपसिल बमोजिमको शर्तको अधिनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीले खाजा/खानाको मेनु र इकाई अनुसारको वस्तु तथा सेवाको विवरणसहित सिलबन्दी दरभाउपत्र खामबन्दी गरी पेश गर्नुहुन आह्वान गरिन्छ ।

१. चमेनागृह बिहान ७:०० बजे देखि बेलुका ७:०० बजेसम्म सञ्चालन गर्नुपर्ने छ । चमेना गृह सञ्चालन सम्झौताको अवधि पाचँ वर्षको हुने छ ।

२. सिलबन्दी दररेटसाथ फर्म दर्ता प्रमाणपत्र,सञ्चालकको नागरिकता प्रमाणपत्र,स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्ने छ ।

३. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात रु १००० / ( रु एक हजार ) टोखा नगरपालिकाको नाममा रहेको एन.आई.सी एसिया बैंकको राजश्व शीर्षक खाता नं. ०१३२०५००२८७९६००२ (कार्यालय कोड नं. ८०१०३३५०६) मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गरी टोखा नगरपालिका बाट मिति २०८२/०२/९ गते सम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।

४. सिलबन्दी दरभाउपत्र मिति २०८२/०२/११ गते १२:०० बजेभित्र पेश गर्न सकिनेछ । उक्त म्याद पछि पेश भएका दरभाउपत्र मान्य हुने छैनन् । म्यादभित्र दर्ता भएका सिलबन्दी दरभाउपत्र मिति २०८२/०२/११ गते दिउसो २:०० बजे खोलिने छ।

५. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुल्ने दिनमा खरिद गर्न वा बुझाउन सकिने छ ।

६. यस सम्बन्धी विस्तृत जानकारी नगरपालिकाको सूचनामा उल्लेखित फोन नम्बर तथा इमेलमा सम्पर्क गरी जानकारी पाउन सकिने छ।

Phone No:- ०१-४९८५०१३, website:- www.tokhamun.gov.np Email:-info@tokhamun.gov.np